## बैठक नं. ५९

आज मिति २०८२ साल चैत्र ३० गते सोमबार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री कृष्णमान डंगोलज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाहलमा तपशिल बमोजिमको उपस्थितिमा बसी तपशिल बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्णमान डंगोल | |
| २ | उप प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री इच्छा कुमार महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडाल नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ४ | श्री राजेन्द्र बाँनिया | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत (पृथ्वी) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | — |
| २० | सचिव | श्री राम दत्त भट्ट | |

<u>५९ औं कार्यपालिका बैठक</u>

कीर्तिपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय कीर्तिपुर, काठमाडौं २०७३

मिति २०८२/१२/३०

समय: विहान ८:०० बजे

स्थान : नगर सभा हल

<u>प्रस्तावहरु</u>

१. अध्ययन विदा स्वीकृत सम्वन्धमा
२. कार्यक्रम सिफारिस सम्वन्धमा
३. योजना कार्यक्रमको सम्झौताको म्याद सम्वन्धमा
४. स्थानीय विदा अनुमोदन सम्वन्धमा
५. विपन्न नागरिक औषधी उपचार खर्च अनुमोदन सम्वन्धमा
६. विपद व्यवस्थापन समितिको संयोजक चयन सम्वन्धमा
७. कार्यविधि सम्वन्धमा
८. आर्थिक सहायता सम्वन्धमा
९. शुभकामना प्रदान सम्वन्धमा
१०. शालिक र HAND BALL STATUE राख्ने सम्वन्धमा
११. कार्यपालिका बैठक सम्वन्धमा
१२. बजार अनुगमन सम्वन्धमा
१३. सिफारिस सम्वन्धमा

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल हुँदा "बागमती प्रदेश स्थानीय तहका सेवाको (गठन तथा सञ्चालन) सम्वन्धमा व्वयस्था गर्न बनेको ऐन, २०७९" को दफा ५९ को उपदफा (१) र (२) को अधिनमा रही दफा ६३ बमोजिम यस कार्यालय अन्तरगत कीर्तिपुर विष्णुदेवी नगर अस्पतालमा कार्यरत जन स्वास्थ्य निरीक्षक श्री बाल कुमार ओझाको मिति २०८३/०१/१० देखी २०८५/०१/०९ सम्मको २ वर्ष तलबी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.२

प्रस्ताव नं. १ माथि छलफल हुँदा बागमती प्रदेश सरकारवाट आर्थिक वर्ष २०८२/८३ का लागि यस नगरपालिकाको १५ प्रतिशत लागत साझेदारीमा सञ्चालन हुने गृहिणी महिला सशक्तीकरण कार्यक्रमका लागि यस नगरपालिकाको वडा १,२ र ६ छनौट गरी सम्झौताका लागि सामाजिक विकास कार्यालय भैंसेपाटी ललितपुरलाई सिफारिस गरी पठाउने निर्णय गरियो ।

निर्णय नं.३

प्रस्ताव नं. ३ माथि छलफल हुँदा आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा परेका योजना तथा कार्यक्रम कार्यान्वयनका लागि २०८३ वैशाख मसान्तभित्र सम्झौताका लागि सिफारिस गरी नगरपालिका पठाउनका लागि वडा कार्यालय र शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल हुँदा मिति २०८२/१२।१८ मा नगर प्रमुखस्तरीय निर्णय अनुसार मिति २०८२/१२/२० का दिन शहीद दिवसका अबसरमा दिईएको सार्वजनिक विदा सम्वन्धी निर्णय अनुमोदन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल हुँदा विपन्न नागरिक उपचार खर्च अन्तर्गत नगर प्रमुखवाट प्रदान गरिएका तपसिलमा उल्लेखित आर्थिक सहायता अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

CamScanner

क. शर्मिला महर्जन कीर्तिपुर नगरपालिका वडा नं. १०: रु.२५०००।

ख. जेम्स महर्जन कीर्तिपुर नगरपालिका वडा नं. ३: रु. २५००० ।

कीर्तिपुर नगरपालिका
नगरकार्यपालिकाको
कीर्तिपुर, काठमाडौं
२०७३

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल हुँदा यस नगरपालिका अन्तर्गतको विगतमा वडा नं. ६ का वडा अध्यक्ष श्री खीरमान सिंह बस्नेतलाई वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक तोकिएकोमा वहाँले हालसम्म पुर्याउनु भएको योगदानको लागि धन्यवाद ज्ञापन गर्दै उक्त समितिमा आजका मिति देखी संयोजकमा वडा नं. ४ का अध्यक्ष श्री राजेन्द्र बानियालाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

निर्णय नं. ७ माथि छलफल हुँदा IT HUB सम्वन्धी कार्यविधि संशोधनसहित स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल हुँदा यस कार्यालयमा वन वातावरण तथा विपद व्यवस्थापन शाखामा कार्यरत अधिकृत छैटौ श्री ज्ञानबज्र महर्जन कार्यालय समयमा काम गर्दागर्दै एक्कासी विरामी भई मुटु सम्वन्धी सम्स्याका कारण शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा उपचार गर्नुपर्ने भएकोले निजलाई कर्मचारी कल्याण कोषवाट भुक्तानी दिनेगरी रु. १,००,०००। (अक्षेरुपी एकलाख मात्र) उपचार खर्च वापत आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल हुँदा यस कीर्तिपुर नगरपालिकाका सम्पूर्ण नगरवासीहरुलाई नयाँ वर्ष २०८३ को उपलक्ष्यमा सुस्वास्थ्य दीर्घायु सहितको हार्दिक मंगलयम शुभकामना प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल हुँदा यस नगरपालिकाका दिवंगत नगर प्रमख स्व. श्री राजकुमार नकर्मीको स्मृतिमा वडा नं.१० मा निजको शलिक निर्माण गर्ने र वडा नं. १० मा नै Hand ball Statue राखे निर्णय गरियो ।

CamScanner

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल हुँदा यस नगरपालिका नगर कार्यपालिकाको ६०औ बैठक मिति २०८३ बैशाख ११ गते शुक्रवारका दिन दिउँसो ३ बजे बस्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल हुँदा यस नगरपालिकामा रहेको बजार अनुगमन शाखालाई थप प्रभावकारी बनाउन कार्यालयललाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल हुँदा चालु आर्थिक वर्ष २०८२।८३ मा बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयवाट बागमती प्रदेशलाई सूचना प्रविधि हव (IT HUB) को रुपामा विकास गर्न कीर्तिपुर नगरपालिका शिर्षकमा विनियोजन भएको ४ करोड २० लाख बजेट यस नगरपालिकामा विंत्तीय हस्तान्तरण गरि नगरपालिका मार्फत कार्यक्रम सञ्चालनको अनुमतिका लागि सामाजिक विकास मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

CS CamScanner